श्री नव विजयी महेन्द्र माध्यमिक विद्यालय

Shree Nava Vijayee Mahendra Secondary School

भलायडाँडा, उत्तरगया-४, रसुवा/ Bhalayadanda, Uttargaya-4, Rasuwa

स्थापितः २०१९/ Estd./ 2019

पत्र सं.: ०८३/०८४

चलानी नं.: ३४ विद्यालय कोड नं.: २९०१०००९. मितिः २०८३–०८–०२

विषयः शिक्षक आवश्यकता सम्बन्धी सूचना।

(प्रथम पटक प्रकाशित मिति : २०८३/०८/०२)

उपरोक्त विषयमा यस विद्यालयमा प्राथमिक तह तृतीय श्रेणी शिक्षक पद सङ्ख्या २ रिक्त भएकोले उक्त पदमा करार शिक्षक नियुक्तीको विज्ञापनका लागि उत्तरगया गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको मिति २०८३/०७/१८ को च. नं. ४७४ पत्र अनुसार प्राप्त अनुमति र यस विद्यालयको मिति २०८३/०८/०२ गतेको वि. व्य. स. को निर्णय बमोजिम शिक्षक सेवा आयोगको करार सूचीमा रहेको उम्मेद्वारहरुको निवेदन परेमा स्वतः नियुक्ति हुने अन्यथा शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम ९७ बमोजिम प्रक्रिया पुरा गरी करार शिक्षक नियक्तिका लागि दरखास्त आह्वान गरिएकोले योग्यता प्राप्त इच्छुक नेपाली नागरिकहरुले मिति २०८३/०८/१६ गतेसम्म कार्यालय समयभित्र रीतपूर्वक निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ।

- विज्ञापन नं.: ००२/०८३/०८४
- तह/श्रेणी: प्राथमिक/तृतीय
- सेवाको प्रकार: करार
- पद सङ्ख्या : २ (दुई)
- न्यूनतम शैक्षिक योग्यता: माध्यमिक तह परीक्षा (कक्षा १२)
- उमेर: १८ वर्ष पुरा भई आवेदन दिने अन्तिम दिनसम्म ४० वर्ष ननाघेको
- तलब सुविधा: संघिय नियमानुसार
- आवेदन दस्तुर: रु. १००० (एक हजार रुपैँया मात्र)
- दरखास्त दिने तरिका: विद्यालयमा उपस्थित भई बुझाउने वा विद्यालयको इमेल ठेगाना nvmss1962@gmail.com मा कागजातहरु विद्यालयको नाममा हिमालयन बैङ्कमा रहेको च. हि. नं. १२००७७९७१९००१२ मा दरखास्त दस्तुर जम्मा गरी रसिद समेत सामेल गरी पठाउन सकिने छ।
- परीक्षाको किसिम: लिखित, अन्तरवार्ता तथा आवश्यकताअनुसार प्रयोगात्मक
- पाठ्यक्रम: शिक्षक सेवा आयोगको पाठ्यक्रमअनुसार

दरखास्तका साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:

नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, पासपोर्ट साइजको फोटो २ प्रति, अध्यापन अनुमती पत्र

- सम्पर्क मितिः दरखास्त दिने अन्तिम दिन तोकिनेछ।
- परीक्षा मितिः सम्पर्क मितिमा तोकिनेछ।
- अन्तरवार्तामा सामेल हुँदा अनिवार्य रुपमा सक्कल प्रमाणपत्रहरु पेश गर्नुपर्ने छ।

सम्पर्क नं ९८४९२५४९७६, ९८६००६३०९६, ९८६०८०६०९०

.....

प्रधानाध्यापक

नारायण प्रसाद श्रेष्ठ

प्रधानाध्यापक
नारायण कुमार श्रेष्ठ